छलफल तथा निर्णयहरु

१. काठमाडौं, ललितपुर तथा भक्तपुरमा कार्यरत अधिकृतहरुले आ-आफ्नो जिल्लामा पुनर्निर्माणको प्रगतिको अवस्था र आइपरेका अप्ठेराहरु जानकारी गराउनु भयो ।

२. स्थानीय तहका कतिपय जनप्रतिनिधिहरु भूकम्पपीडितका समस्याप्रति संवेदनशील हुन नसकेको व्यहोरा पनि बैठकमा जानकारी गराइयो ।

३. स्थानीय तहमा पुनर्निर्माणको कार्यलाई थप गति प्रदान गर्न नपुग प्राविधिकहरु तथा घरको फोटो खिच्ने ट्याब्लेट व्यवस्था शहरी विकास मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाइले मिलाइदिने । मर्मतका लागि फिल्डबाट प्राप्त करिब ३०० ट्याब्लेट मध्ये चैत्र ११, १४ र १७ गते १००-१०० का हिसावले मर्मत कार्य सम्पन्न गरी पठाउँदै जाने । २० गते भित्रै ती ३०० ट्याब्लेटहरु स्थानीय तहमा कार्यरत इन्जिनियरहरुको हातमा पुगीसक्ने गरी शहरी विकास मन्त्रालय केन्द्रीय आयोजना कार्यान्वयन इकाइले व्यवस्था मिलाउने ।

४. प्राविधिकहरुलाई आवश्यक पर्ने भनी खरिद प्रक्रियामा लगिएका नयाँ ट्याब्लेट २०७४ चैत्र मसान्त भित्रै खरिद गरी प्राप्त गर्ने र आवश्यकता अनुसार उपलब्ध गराउने ।

५. पहिलो किस्ता रकम लिई घर बनाउन शुरु नै नगर्ने लाभग्राहीहरुको नामावली सम्वन्धित स्थानीय तहले प्रकाशित गर्ने (आफ्नो Website तथा सूचना पाटीमा) । घर नबनाएमा नक्कली लाभग्राही ठानी रकम फिर्ता लिने प्रक्रिया अघि बढाउने ।

६. हालसम्म पनि सम्झौता गर्न नआएका र पहिलो किस्ता रकम लिई पुनर्निर्माण शुरु नै नगरेका भूकम्पपीडित लाभग्राहीहरुमध्ये एक वा सो भन्दा बढी घर भएको हुन सक्ने हुँदा त्यस्तो किस्ता रकम लिएकोमा सो रकम फिर्ता गराउने । अन्यथा, सरकारी बाँकी सरह असुल उपर गर्ने ।

७. कतिपय बैंकहरुले सरकारबाट प्राप्त अनुदान रकम पनि यथासमयमा भुक्तानी नगरेका, अधिकांश बैंकले सहुलियत ब्याजको रकम पनि नदिएको, ऋण प्रवाहको, नागरिक वडापत्र पनि नराखेको कारण ऋण लिन जाने लाभग्राही अन्योलमा परेकोले ती बैंकहरुलाई सचेत गराई भूकम्पपीडितले सहज र सरल तरिकाले तोकिएका बैंकहरुबाट अनुदान तथा ऋण पाउने प्रवन्ध राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले मिलाउने ।

८. पुनर्निर्माण लाभग्राहीको सूचीबाट प्रबलीकरण लाभग्राहीमा सर्न चाहने व्यक्तिहरुको संख्या ठूलो भएको व्यहोरा बैठकमा जानकारी गराइयो । यस्तो अवस्थामा स्थानीय नगरपालिकाहरुबाट यसको व्यापक प्रचार प्रसार गर्ने व्यवस्था मिलाउन सबै नगरपालिकाहरुलाई निर्देशन दिने ।

९. विभिन्न गुठीको जग्गामा बसी आएका व्यक्तिलाई आवास पुनर्निर्माणको क्रममा सम्वन्धित गुठीसँग सम्पर्क गरी त्यहाँबाट अनुमतिको आवश्यक निस्सा लिई सम्झौता गर्न आव्हान गर्ने । ती गुठी (गुठी संस्थान समेत) को जग्गाको हकमा बक्यौता कूतको ब्याजमा छूट गरिदिन र

ठूलो रकमको कुत बाँकी भएमा किस्तावन्दीमा लिने व्यवस्था गरी भूकम्पपीडितलाई आवास निर्माणमा सहजीकरण गर्न अनुरोध गर्ने ।

१०. साविक देखि नै एउटै घरमा वसी आएका विभिन्न परिवारहरुले जग्गाको संयूक्त रुपमा जग्गाधनी पूर्जा बनाई सम्झौता गर्न आएमा संयूक्त आवासको प्रक्रियाबाट ती लाभग्राहीलाई बहुस्वामित्वको लाभग्राही मानी एउटै घर बनाउन मिल्ने गरी सम्झौता गराई किस्ता वितरण गर्ने / गराउने

११. भूकम्पपीडित लाभग्राहीलाई कतिपय नगरपालिकामा निजी कन्सल्टेन्सीले नक्शा बनाउँदा महंगो शुल्क लिई दुःख दिएको बुझिएकाले यसमा स्थानीय नगरपालिकाहरुले नक्शा पास तथा सडकको अधिकार क्षेत्र (Right of Way) लगायतका विषयमा सहजीकरण गर्न निर्देशन दिने ।

१२. विभिन्न गैर सरकारी संस्थाहरुले भूकम्पपीडितका लागि नक्शा बनाइदिने, Location Area, Site Plan आदिको Sketch तयार गरी निशुल्क सहयोग गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट आव्हान गर्ने ।

१३. लुमन्ती नामक संस्थाले ललितपुरमा सम्झौता विपरित काम घर बनाइदिएको, मापदण्ड नपुगेका घर बनाएको, पत्र लेख्दा बेवास्ता गरेका आदि कारणले सम्झौता विपरित काम गरेकोले त्यसको छानविन गरी कारवाही प्रक्रिया अघि बढाउने ।

१४. House Pooling को अवधारणालाई व्यापक बनाई नगरका भित्री सहरी क्षेत्रमा कार्यान्वयनमा लैजाने ।